

# २ पापमय संसारमा मृत्यु

<u>यस अध्यायका मूल पदहरूः</u> उत्पत्ति २:१६,१७, उत्पत्ति ३:१-७, भजन ११५:१७, यूहन्ना ५:२८,२९, रोमी ५:१२ र २ कोरन्थी ५:२१।

**<u>यस अध्यायको मूल सार पदः</u> "एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" रोमी ५:१२-१४।**

ख्रीष्टद्वारा नै परम परमेश्वरले जगत र पृथ्वीको अस्तित्व स्थापना गर्नुभएको थियो (यूहन्ना १:१-३,१०, कलस्सी १:१६, हिब्रू १:२)। तर जब परमप्रभु पिताले ख्रीष्टलाई विशेष सम्मान गर्नुभएर उहाँसँग सहमति गरेर दुवै मिली यस पृथ्वी सृष्टि गर्ने घोषणा गर्नुभएको थियो, तब त्यसबेला लुशिफर ख्रीष्टको डाहा, ईर्ष्या र रिस गरेको थियो" एलेन जी. ह्वाइट, द स्टोरी अभ रिडेम्पसन, पृ. १४बाट रूपान्तरित)। त्यसै समयदेखि उहाँको विरुद्धमा उसले षडयन्त्र गर्न थालेको थियो।

स्वर्गबाट फ्याँकिएपछि सैतानले आदम र हव्वाको सुख र अमनचैयनलाई नाश गर्न निर्णय गऱ्यो। यस पृथ्वीबाट तिनीहरूलाई सखाप पारेर स्वर्गमा अपशोच र पीडा उसले निम्त्याउन चाहेको थियो। उसले यो कल्पना गऱ्यो कि "यदि उसले कुनै छल गरेर आदम र हव्वालाई फसाउन सफल भयो भने, परमप्रभुले यस्तो कुनै प्रावधान बनाउनुहुनेछ जसबाट तिनीहरूलाई क्षमा दिनुहुनेछ। तिनीहरूसँगै आफू र पतित स्वर्गदूतहरू क्षमा पाएर परमप्रभुको दयामा सरिक हुनसकोस्।"- एलेन जी. ह्वाइट, द स्टोरी अभ रिडेम्पसन, पृ.२७बाट रूपान्तरित। सैतानको रणनीतिप्रति सजग हुनुभएर परमप्रभुले आदम र हव्वालाई प्रलोभनमा नफस्न वा सुरक्षित हुन उहाँले तिनीहरूलाई चेतावनी दिनुभएको थियो (उत्पत्ति २:१६,१७)। त्यसको अर्थ,

यस पृथ्वी सिद्ध र खोटरहित भएतापनि मानव जातिलाई स्पष्टरूपमा केही सिमावन्धन तोकिएको थियो जसबाट परमप्रभुको आज्ञालाई शिरोपर गर्न सकोस्।

## १. तनावको बीचमा वक्तव्यहरू

जब परमप्रभुको हातबाट यस पृथ्वीको सृष्टिभयो तब यो सिद्ध र दागरहित थियो (उत्पत्ति १:३१)। आदम र हव्वाको निम्ति मृत्यु अपरिचित थियो। त्यस सन्दर्भमा परमप्रभु अदनको बगैंचामा आउनुभयो र यो सतर्क गराउनुभयो, "अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ।" उत्पत्ति २:१६-१७।

***सिद्ध र दागरहित अदनको बगैंचामा नै आत्मिनिर्णय वा स्वविवेकको स्वतन्त्रताको वास्तविकता अस्तित्व थियो भनेर उत्पत्ति २:१६,१७ले कसरी देखाउँदछ?***

परमप्रभुबाट आदमलाई चेतावनी दिनुभएको केही समयपछि सैतान सर्पको रूप धारण गरेर अदनमा प्रवेश गर्‍यो। आनन्दसाथ रमाइलो मान्दै सर्पले निषेधित फल खाएको हव्वाले देखिन् र त्यसलाई केही भएको थिएन। "सर्प आफैले निषेधित फल खाएको थियो (पाट्रियार्क एण्ड प्रोफेटस् पृ. ५४) तर त्यसलाई केही भएको थिएन।

**सर्पको कुरा हव्वाको निम्ति कस्तो चित्तबुझ्दो थियो सो उनको ठाउँमा तपाईं आफै राखेर उत्पत्ति ३:१-४ पढ्नुहोस्। "परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौ'।" सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" उत्पत्ति ३:१-५।**

मानवीय तर्कको दृष्टिकोणले सर्पको प्रस्ताव परमप्रभुको भन्दा बढि चित्तबुझ्दो देखिएको थियो। पहिलो त, प्राकृतिक संसारमा पाप र मृत्यको अस्तित्व भएको कुनै प्रमाण देखिएको थिएन। दोस्रोमा, सर्पले निषेधित फल खाएर रमाइलो मानिरहेको जस्तो देखाएको थियो। त्यसकारण, त्यो खाएर किन मजा नलिने भनेर हव्वाले सोच्न पुगेकी थिइन्। परमप्रभुको आज्ञा कठोर, धेरै प्रतिबन्धात्मक, अर्थहिन र मानिस रमाइलो नगरुन् भन्ने उहाँको इच्छा भएको खालको देखिएको थियो।

दुर्भाग्यवस, परमप्रभुको र सैतानको कथनको बीचमा कुन् रोज्ने भनेर हव्वाको दिमागमा द्वन्द्व चलिरहेको बेलामा उनले तीन आधारभूत मौलिक नीतिहरूलाई वेवास्ता गरेकि थिइन्ः (१) आत्मिक कारोवार वा ज्ञानमा जुनसुकै मैहुँ भन्ने मानिसको तर्क सधैं सुरक्षीत र सही हुन्छ भन्ने छैन; (२) परमप्रभुमाथि आस्था नराख्ने धार्मिक गुरुहरू, दार्शनिकहरू, वैज्ञानिकहरू, साथीभाइहरूको अगाडि बाइबल तर्कहिन र अर्थहिन देखिन्छ। तिनीहरू सधैं सही वा ठिक र तिनीहरूका कथनहरू भरपर्दो देखिने हुन्छ र (३) कुनै पनि थोक आफैमा खराब वा गलत हुँदैन, तर परमप्रभुमाथि भरोसा राख्न र उहाँका आदेशहरू पालन गर्न मानिसलाई दिएको आत्मनिर्णयको स्वतन्त्रतालाई जाँच्न वा त्यसप्रति सजग भइरहन ती नीतिनियमहरू उहाँले दिनुभएको थियो।

हव्वाले अदनको बगैंचामा जुन अनुभव गरिन् त्यो मानव इतिहासमा केवल त्योमात्र थिएन। प्रत्येक दिन र प्रत्येक क्षणमा हामीले बाइबल (कतिपय समयमा त्यस्तो लोकप्रिय र मनासिब पनि देखिन्दैन होला) र हामीलाई मोहित पार्न घेरिएको संस्कार र मानव दर्शन तथा सल्लाहहरूको बीचमा निर्णय गरिरहनुपरेको हुन्छ। हामीले जे निर्णय गर्छौं त्यसको नतिजाले अनन्त सम्म असर पार्ने हुन्छ।

***संसारका धारणा, शिक्षादीक्षा र बाटोहरू बाइबलमा उल्लेखित स्पष्ट शिक्षासँग द्वन्द्व वा मेल नखाने केही छ जुन तपाईंलाई थाहा छ?***

## २. सर्पबाट धोखा वा छल

**परमप्रभुको आदेश र सर्पको करलाई रोज्न हव्वाले निर्णय गर्न कुन मापन प्रयोग गरिन् वा कसरी तौलिन्? हेर्नुहोस्, "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी**

**भन्नुभएको छ?" २ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौं'।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए। ७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए।" उत्पत्ति ३:१-७।**

मानिसलाई फसाउन प्रलोभन, छल र मोहमा पार्ने मनोवैज्ञानिक अस्त्रको ज्वलन्त र स्पष्ट उदाहरणहरूमा उत्पत्ति ३ उल्लेखनीय छ। यदि आदम र हव्वाले निषेधित फल खायो भने तिनीहरू निश्चय नै मर्ने छन् भनेर परमप्रभुले तिनीहरूलाई चेतावनी दिनुभएको थियो (उत्पत्ति २:१६,१७)। सर्पको रूप लिएर सैतानले धेरै मनमुग्ध पार्ने भाषण कलाको रणनीति अपनाएर तिनीहरूलाई पापमा फसाउन सफल भयो।

पहिलो त परमप्रभुको निश्चित निषेधआज्ञालाई सबै फलहरूमा प्रयोग गर्‍यो। उसले हव्वालाई सोध्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी साँच्चिक्कै भन्नुभएको छ?" उत्पत्ति ३:१। केवल एउटा रूखको फलमात्र नखानु र नछुनु र खायो भने मर्नेछ भनेर हव्वाले सैतानको कुरा काटिन्।

अनि परमप्रभुको आदेशलाई सैतानले ठाडै खण्डन गर्‍यो। उसले ठोकुवा नै गरेर भन्यो, "तिमी कदापी मर्नेछैनौ!" (उत्पत्ति ३:४)।

अन्तमा, हव्वा र उनको श्रीमानलाई चाहिने आवश्यक ज्ञानलाई जानाजानी परमप्रभुले दवाएर राख्नुभयो भनेर सैतानले उहाँलाई आरोप लगायो। धोखेवाजले यो तर्क प्रस्तुत गर्‍यो, "परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ (कतिपय अनुवादहरूमा भगवानहरू हुनेछौ भनिएकोछ) ।" उत्पत्ति ३:५।

सैतानको वचनप्रति हव्वामा कौतूहल जाग्यो। यो नै सैतानले उनलाई मोहनी लगाएर फसाउने मौका मिल्यो। त्यसबेला परमप्रभुले तोक्नुभएको सीमाभित्र बसेर सत्यनिष्ठामा बस्ने कि सैतानको फुस्ल्याइमा पर्ने सो रोज्न हव्वालाई वाध्य पारिएको थियो। परमप्रभुको वचनलाई शङ्का वा वेवास्ता गरेर उनले आफ्नै तर्क वा सिद्धान्तलाई वढि महत्त्व दिइन्। आफ्नै व्यक्तिगत देखेको र अनुभवको आधारमा दुवै बाझिएका कथनहरूहरूलाई कुनलाई रोज्ने भनेर उनले निर्णय गरिन्।

पहिला त उनले खानकीको दृष्टिकोणलाई प्रयोग गरिन्, "फल त खानलाई बढो असल देखिने रहेछ।" दोस्रोमा उनले आफ्नै सौन्दर्यशास्त्र प्रयोग गरिन् वा जे सुन्दर देखिने हो त्यसलाई अङ्गाल्ने नीति उनले लिइन्। "यो त हेर्नमा रहर लाग्दो" भनेर आँखाको अभिलाषालाई प्रयोग गरिन्। तेस्रो, उनले आफ्नै तर्कलाई केलाइन्, "बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्।" त्यसकारण उनले आफ्नो दिमागमा परमप्रभुको वचनलाई पन्छाएर सैतानका बोलिहरूलाई खेलाइन्। सर्पले निषेधित फल खाऊ भनेर सल्लाह दिएको उनलाई ठिकै भएको ठानिन्। दुर्भाग्यवस, उनले सैतानको मोहमा परेर निषेधित फल खाइन्।

कतिपयले यो तर्क प्रस्तुत गर्छन् कि सबै ज्ञानहरू काम लाग्छ र तिनीहरूमा जे असल छ (१ थेस्सोलिनिकी ५:२१) त्यो हामीमा राखिछोड्यौं भने। तर अदनको बगैंचामा दुःखद अनुभवहरूले यो देखाउँकि ज्ञान आफै पनि खतरा हुनसक्छ। कतिपय कुराहरू हामीलाई थाहा नपाउनु नै हाम्रो लागि हितकर हुन्छ।

***आदम र हव्वाको अनुभवले हामीहरूका पापमय निर्णयहरूलाई तर्कयुक्त र उचित भएको सजिलो हुनेरहेछ भनेर हामी कसरी सिक्छौं?***

## ३. "तिमी कदापी मर्नेछैनौ"

**उत्पत्ति ३:४ पढ्नुहोस्। यस संसारको युगभरि मानिसहरूलाई छकाउन कुन विभिन्न तरिकाहरूले झुट, मिथ्या-वा मनगढन्ते सिद्धान्त वा वाद धर्मकै नाउँमा किन नहोस् राज गरिरहेको छ? हेर्नुहोस्, "सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ।" उत्पत्ति ३:४।**

विभिन्न धर्म (हिन्दु र बौद्ध धर्मसमेत) र अझ कतिपय इसाईहरूले पनि मानिस अमर छ, शरीर मरेपनि आत्मा मर्दैन, घुमिरहन्छ, अरू जीवनमा

वा थोकहरूमा जान्छ, स्थानहरूमा वा सिधै स्वर्ग कि नर्कमा जान्छ भन्ने बाइबल विपरित शिक्षा प्रभावकारीरूपमा फैलिएकोछ। पौराणिक धर्म (कतिपय आज पनि) र दर्शनहरूको आधारमा यो शिक्षा प्रचलित थिए र छ पनि। पौराणिक मिश्र देशमा भएका ठूला ठुला पिरामिडहरू वा राजकीय चिहानहरूमा मुर्दालाई अनेकौं किसिमले अत्तर र अरू पदार्थहरूले बेरेर बाकसमा राखेर सुताइराखेका छन्। ती मुर्दाहरूलाई ममी mummy भनेर सम्बोधन गरिन्छ।

यो सिद्धान्त पौराणिक ग्रीक वा युनानी धर्म र दर्शनका धेरै खम्बाहरूमा यो पनि एक हो। त्यस समयमा रचिएको साहित्य *रिपब्लिक अभ प्लाटोमा, प्रसिद्ध दार्सनिक सुकरातले ग्लाउकनलाई यो सोधेका थिए,* "के तपाईंलाई थाहा छैन कि हाम्रो आत्मा वा हंस अमर छ र कहिल्यै पनि नाश हुँदैन?" पौराणिक दार्शनिक प्लेटोले लेखेका पुस्तक *फिएडो Phaedo*मा सुकरातले त्यही तर्क प्रस्तुत गरेका थिए, "आत्मा वा हंस वा प्राण अमर छ र यो नासिन्दैन, र हाम्रा आत्माहरू नर्कमा रहन्छन्।" धेरै जसो पश्चिमी (र पूर्वीय) सभ्यता, संस्कार र संस्कृतिहरूमा र येशूका चेलाहरूका पछिका इसाईहरूमा यो धारणा आगो जस्तो फैलिएको छ। तर, हामीलाई थाहा छ यसको उत्पत्ति ती कुनै पनि दर्शन, संस्कृति र संस्कारहरूको उत्पत्ति भन्दा पहिला नै भएको थियो। मानिस अमर छ र मानिसको आत्मा वा हंस कहिल्यै पनि मर्दैन भन्ने धारणा सैतान आफैले अदनको बगैचामा आदम र हव्वाको दिमागमा राखिदिएको थियो।

अदनको बगैंचामा हव्वालाई फसाएको प्रलोभनको मूल सारमा सैतानले उनलाई यो ठोकुवा गरेको थियो, "निश्चय नै तिमी कदापी मर्नेछैनौ!" (उत्पत्ति ३:४ रूपान्तरित)। यसरी यस मामिलामा जोड दिएर सैतानले आफ्नो वचनलाई परमप्रभुको वचनभन्दा माथि राखेको थियो वा उहाँको वचनलाई काटेको थियो।

**मानिस मर्दैन, आत्मा वा हंस अमर छ भन्ने सिद्धान्तको विपरित देहायका केही पदहरूले के सिकाउँदछ र ती पदहरू सैतानको फट्याइँलाई कसरी काट्न सकिन्छ? हेर्नुहोस्, "मरेकाहरूले परमप्रभुको प्रशंसागर्दैनन्, मृत-लोक वा चिहानमा जानेहरूले उहाँको प्रशंसा गर्दैनन्।" भजनसंग्रह ११५:१७; "जब तिनीहरूको आत्मा निस्कन्छ, तिनीहरू माटोमा मिलिहाल्छन्। त्यही दिन तिनीहरूका योजनाहरू पनि नष्ट हुन्छन्।" भजनसंग्रह १४६:४; "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर**

**सुन्नेछन्, र बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति।" यूहन्ना ५:२८-२९; मत्ती १०:२८ "तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई (वा परमप्रभुमाथिको विश्वासलाई) मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ।" मत्ती १०:२८ र "५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ।" ५५ "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" ५६ मृत्युको खील पाप हो, र पापको शक्ति व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ। ५८ यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो। प्रभुको काममा सधैं बढ्दैजाओ। किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन।" १ कोरिन्थी १५:५१-५८।**

मानिसको आत्मा वा हंस अमर छ भन्ने सैतानको धारणा आधुनिक जगतमा विभिन्न माध्यहरूद्वारा प्रमूखता पाइरहेको छ। अनेकौं पुस्तकहरू, काल्पनिक कथाहरू, टेलिभिजन र सिनेमाहरूले यो धारणालाई प्रोत्साहित गरिरहेका छन् कि जब हामी मर्दछौं तब हाम्रो हंस वा प्राण अरूमा सर्छ वा अर्कै रूप धारण गर्दछ। यो कस्तो दुर्भाग्य छ कि धेरै इसाई प्रचारकहरूले यो गलत शिक्षालाई बढावा दिइरहेका वा प्रचार गरिरहेका छन्। यसमा अझ त विज्ञान पनि समावेश हुन थालेको छ। अमेरिकामा एउटा वैज्ञानिक निकाय छ जसले प्राविधिक वा टेक्नोलोजीलाई सृजना गरेर मरेकाहरूसँग सम्पर्क राख्न सक्नेछ भनेर दावी गर्दछ। तिनीहरूले यो विश्वास गर्छन् कि ती मरेकाहरू शारीरिक रूपमा जीवित नभएतापनि आत्मिक व्यक्तिमा जीवित छ। त्यस सिद्धान्तलाई मान्ने मानिसहरूले मरेकाहरू "पोस्टमाटेरियल पर्सन postmaterial person" स्थितिमा छ भनेर सिकाउँछ। यो चलेको गलत धारणाले मानव इतिहासको अन्तका घट्नाहरूमा निर्णायक भूमिका खेल्नेछन् भन्ने कुरामा कोही पनि छक्क पर्नुपर्दैन।

तपाईंको आफ्नै समाज, संस्कार, संस्कृतिमा यो झुटो धारणा कसरी प्रकट गरिरहेको छ? हाम्रा इन्द्रियहरूले जे भनेतापनि परमप्रभुको वचनमा हामी किन भर पर्नुपर्दछ?

## ४. पापको परिणाम

देहायका पदहरूको आधारमा पापको मूख्य परिणाम के हो? हेर्नुहोस्, "७ अनि दुवैका आँखा खुले, र "नाङ्गै पो रहेछौं" भनी तिनीहरूले थाहा पाए। अनि अञ्जीरका पातहरू गाँसेर आफ्ना निम्ति तिनीहरूले वस्त्र बनाए। ८ अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तिमी कहाँ छौ?" १० उनले भने, "मैले तपाईंको सोर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।" ११ उहाँले सोध्नुभयो, "तिमी नाङ्गै छौ भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तिमीलाई आज्ञा दिएको थिएँ के तिमीले त्यो खायौ?" १२ मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।" १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तिमी यो के गर्‍यौ?।" स्त्रीले भनिन्, "सर्पले मलाई छल गर्‍यो, र मैले त्यो खाएँ।" १४ तब परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले, "तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिंड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" १६ स्त्रीलाई उहाँले भन्नुभयो, "तिम्रो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु। दुःखसँग तिमीले बालक जन्माउनेछौ। तिम्रो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तिमीलाई अधीनमा राख्नेछ।" १७ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तिमीले तिम्री पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दुःखसँग त्यसको उब्जनी तिमीले खानेछौ। १८ त्यसले तिम्रो निम्ति काँढ़ा र सिउँडीहरू उमार्नेछ, र तिमीले खेतको सागपात खानेछौ। १९ माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ। किनकि माटैबाट तिमी निकालिएको थियौ। तँ माटै होस् र माटैमा फर्किजानेछौ।"

**उत्पत्ति ३:७-१९ र "एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" रोमी ५:१२।**

सर्पको आकर्षित वचनले मोहित भएर पछिसम्म नराम्रो परिणाम ल्याउने बाटोमा आफू लागिरहेकी छु भनेर उनी सचेत भएकी थिइनन्। निषेधित फल नै खाएको त्यस्तो महत्त्व थिएन। तर किन खाइन् भन्ने कुरामा महत्त्व थियो। परमप्रभुको आज्ञालाई ठाडो उल्लङ्घन गर्दा उनी उहाँप्रति बफादार हुने नीति र कर्तव्यलाई उनले सरासर लत्याइ दिएकी थिइन् र आफूलाई सैतानप्रति बफादार हुन सुम्पिएकी थिइन्।

आदम र हव्वाको पतन र त्यसको केही अत्यन्तै दुःखद परिणामहरूको बारेमा उत्पत्ति ३ले वर्णन गर्दछ। ईश्वरीय विज्ञानको अनुसार जब तिनीहरूले निषेधित फल खाए तब तिनीहरूलाई थियोफोबिया Theophobia अर्थात् परमप्रभुप्रति त्राही  त्राही हुनपुगे र उहाँबाट लुक्न पुगे (उत्पत्ति ३:८)। भौतिक दृष्टिकोणले तिनीहरू पसिना नै पसिनाले भिज्ने थियो, पीडाहरू सहनुपर्ने भएको थियो र आखिरमा मर्नै पर्ने भएको थियो (उत्पत्ति ३:१६-१०)। पर्यावरण वा प्राकृतिक वातावरणको दृष्टिकोणले, प्राकृतिक जगत विग्रन वा भ्रष्ट हुनगएको थियो (उत्पत्ति ३:१७,१८)।

अदनको बगैंचा अब पहिलाको जस्तै सुन्दर र आनन्द दिने स्थान हुन गएन। "फूल ओइलिएको र पात खसेको देखेपछि पर्यावरणमा खराब हुने पहिला चिन्हहरू तिनीहरूले देखेका थिए। ती प्रकृतिमा मृत्युको घन्टा बजेको देखेर आदम र हव्वा अहिलेका मानिसहरू भन्दा गहिरो शोकमा परेका थिए। कमजोर र कोमल फूलहरू मरेकोले तिनीहरू अपसोच मनाएका थिए; जब सुन्दर रूखहरूबाट पातहरू झर्न थाले, त्यसले गर्दा प्रत्येक जीवित बस्तु मर्नुपर्ने कठोर तथ्यको भयानक दृश्य तिनीहरूको दिमागमा चर्किन थालेको थियो।"- एलेन जी. ह्वाइट, *पाट्रियार्क एण्ड द प्रोफेटस्,* पृ. ६२बाट रूपान्तरित।

आदम र हव्वा त्यही दिन तुरुन्तै मरेन, अर्थात् तिनीहरू जिउनुबाट तत्कालै बंचित भएन, तर त्यही दिन तिनीहरूले मृत्युदण्डको सजायँ पाएका थिए। परमप्रभुले आदमलाई भन्नुभयो, "माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ। किनकि माटैबाट तिमी निकालिएको थियौ।

तिमी माटै हो र माटैमा फर्किजानेछस्।" उत्पत्ति ३:१९। आदम र हव्वाको पतनले सारा मानव जातमा दुःखद र घातक परिणामहरू निम्त्याइएको थियो। यस बारे प्रेरित पावलले यसरी व्याख्या गर्दछन्, "एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" रोमी ५:१२।

सारा मानव जगत युगौं युगमा दुःखद र पीडादायी भोगेको मात्र होइन अदनमा के भयो त्यसको परिणाम हामीहरूले पनि भोगिरहेकाछौं। येशू र क्रूसले गर्दा नयाँ पृथ्वीमा अनन्तको जीवन पाउने आशा हामी पाएकाछौं, जहाँ पाप फेरि उब्जिनेछैन। यो ज्ञान हामीमा भएकोले हामी येशूप्रति आभारित वा कृतज्ञ हुनु जरुरी छ।

***जब हव्वाको दुःखदायी अनुभवको बारेमा हामी सोच्दछौं तब हाम्रो पापकै कारणले हामीले कस्तो परिणामबाट भोग्नुपर्ने रहेछ भन्ने पाठहरू हामी कसरी सिक्न सक्दछौं?***

## ५. सुसमाचारको पहिलो प्रतिज्ञा

**उत्पत्ति ३:१५, २१मा सारा मानव जगतको निम्ति के आशा उपलब्ध गराइएको छ? हेर्नुहोस्, "तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।...परमप्रभु परमेश्वरले आदम र तिनकी पत्नीका निम्ति छालाका लुगा बनाई तिनीहरूलाई लगाइदिनुभयो।"**

यस संसारमा पतनपछि भयानक दुःखद घट्नाको विवरण उत्पत्ति ३ मा वर्णन गरिएकोछ। सबै थोक परिवर्तन भएको थियो। पहिलाको संसार र अहिलेको संसारबीचमा भएको बिपरित वातावरण आदम र हव्वाले देख्न र अनुभव गर्न पुगेका थिए।

तर तिनीहरू व्याकुल, हतोत्साह र खिन्न भएको बेलामा, परमप्रभुले तिनीहरूलाई वर्तमान र भविष्यको निम्ति आशाको आश्वासन र विश्वास दिलाउनुभयो। पहिले त, उहाँले सर्पलाई श्राप दिनुभयो जसमा ख्रीष्टको आगमनको आशा लुकिएको थियो। उहाँले भन्नुभयो, "तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" उत्पत्ति ३:१५।

"शत्रुता" भन्ने शब्द हिब्रू भाषाको *आइबाह 'eybah* हो। यसले लामो समयसम्म रहेको असल र खराबको बीचमा भइरहेको जगतव्यापी कलहमात्र होइन, व्यक्तिगत रूपमा पापप्रति अरुचि वा घृणा जगाउनु हो, जुन परमप्रभुले आफ्नो अनुग्रहद्वारा मानव दिमागमा रोप्नुभएको थियो। स्वभाविकैरूपमा हामी पूरै पतित भएको छौं (एफिसी २:१,५) र पापका दास भएका छौ (रोमी ६:२०)। यद्यपि, प्रत्येक मानिसको जीवनमा कुनै न कुनै तरिकाले सैतानप्रति शत्रुता हुने सृजना गर्नुभएको। यही "शत्रुता" नै अदनको बगैंचमा ईश्वरीय उपहार हो, जसले गर्दा उहाँले मुक्ति दिने अनुग्रहलाई हामी ग्रहण गर्न सकौं। मानिसलाई परिवर्तन गर्ने यो अनुग्रह र पुनर्जीवित पार्ने शक्तिबिना मानव प्राणी सैतानको अधिनमा नै रहिरन्छ। त्यो मानिस सैतानको दास भएर उसकै खतनमा रहन तयार हुन्छ।

मसीहको आगमनको प्रतिज्ञालाई चित्रण गर्न प्रभुले पशुबलि प्रयोग गर्नुभयो (उत्पत्ति ३:२१)। "जब आदमले परमप्रभुको विशेष निर्देशन अनुसार पापको भेटी चढाए तब उनको निम्ति यो अत्यन्तै पीडादायी विधि भएको थियो। जीवलाई हत्या गर्न उनको हात उठाउनै परको थियो होला। उनले देखेका मृत्यु यो पहिलो पल्ट थियो। जब उनले रक्ताम्य भएको पशुलाई मृत्युको बेदनाहरूमा छपटिएको थियो, त्यसबेला उनले परमप्रभुको पुत्रलाई विश्वासद्वारा अघिल्तिर हेर्नुपर्दथ्यो, जो मानिसको बदलीमा बलि भएर मर्नुहुने थियो।"-एलेन जी. ह्वाइट, *द स्टोरी अभ रिडेम्पशन,* पृ. ५०बाट रूपान्तरित।

**अदनको बगैंचामा पहिलो पल्ट के प्रकट गरिएको थियो भनेर देहायका पदहरूले हामीलाई के सिकाउँदछ? हेर्नुहोस्, "हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" २ कोरिन्थी ५:२१ र "ख्रीष्ट धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।" हिब्रू ९:२८।**

अब मर्नै पर्ने भनेर थाहा पाउँदा पाउँदै (उत्पत्ति ३:१९,२-२४) आदम र हव्वा अदनको बगैंचा छोड्न वाध्य भएको थियो। तर तिनीहरू आफूले नै सिलाएको पातको लुगाहरूले छोपेर नाङ्गै निस्केन (उत्पत्ति ३:७)। परमप्रभु आफैले तिनीहरूलाई छालाको लुगा बनाएर ओढाइदिनुभयो (उत्पत्ति ३:२१)। यो उहाँको धार्मिकताको वस्त्रको प्रतिक थियो (हेर्नुहोस्, जकरिया

३:१-५, लूका १५:२२)। त्यसकारण सुरुदेखि नै अदनको बगैंचामा सुसमाचार मानव प्राणीको निम्ति प्रकट भएको थियो।

## उपसंहारः

**थप जानकारीः दिदीमाँ एलेनको पाट्रियार्क एण्ड द प्रोफेटसको पृ. ५२-६२ को द टेम्प्टेशन एण्ड फल," र पृ. ६३-७०को "द प्लान अभ रिडेम्पशन्" र एजुकेशन पृ. २३-२७को "द नोलेज अभ गुड एण्ड इभिल।"**

केही वर्षमा मर्नै लागेको अनुभवको बारेमा कसैले खोजअनसुन्धान गरेका थियो। जब मानिस मर्छ तब तिनीहरूको मुटुले काम गर्छ छोड्छ र सास फेर्न छोड्छ। तर कतिपय समयमा तिनीहरू फेरि बिँउतिएको हुन्छ र अनेकौं अनौठो कथाहरू लिएर आउँछन्। तिनीहरू अर्कै क्षेत्रमा गएका थिए र ज्योतिर्मय जीवनलाई भेटेको भनेर सुनाउँछन्। कतिपयले मरेका प्रिय जनहरूसँग पनि भेटेर कुरा कानी गरेको बताउँछन्। धेरै इसाईहरू पनि जो बाइबलको सत्य शिक्षालाई जान्दैनन्, तिनीहरूले पनि ती कथाहरूले प्रमाणित गर्दछ कि मानिस अमर छ (यसमा केही कुरा छुटिएको छ भनेर स्पष्टरूपमा चेतावनीकोरूपमा हामीलाई थाहा हुनुपर्दछ)। कतिपय यस्तो मरेको भनेर दावी गर्नेहरूले आत्मिक जीवहरू तिनीहरूले भेटेका थिए जो आत्मिक जीवहरू थिए र तिनीहरूलाई तिनीहरूले सान्त्वनाका वचनहरू, शान्ति, प्रेम र भलोपनका असल वचनहरू दिएका थिए भनेर दावी गर्दछन्। तर तिनीहरूले ख्रीष्टले दिनुहुने मुक्तिको बारेमा केही सुनेका हुँदैनन्, न त पाप र न्यायको बारेमा। इसाई भएर मरेपछिको जीवनको स्वाद पाएपछि के तिनीहरूले अलिकति पनि बाइबलका आधारभूत शिक्षाको झल्को पनि त्यसबेला पाएन होला? यो न्यु एज वा बाइबलको मौलिक शिक्षामा आधारित नभएको शिक्षादीक्षाहरू सिकेका थिए भनेर आभास् पाइन्छ। कतिपय त मरेको भनेर दावी गर्नेहरूले सामान्य स्थितिमा फर्किन्दा येशूतिर विश्वास पनि घट्न गएको देखाएको छ। ती मानिसहरूले बाइबलले सिकाएको स्वर्गको बारेमा किन वर्णन गर्न सक्दैन? किनभने तिनीहरू न्यु एज, वा अरू भावात्मक विश्वास वा धर्ममा लागिरहेका थिए भनेर प्रमाणित हुन्छ। त्यसको जवाफ त तिनीहरूले त्यही तत्वको छल र धोखा परेका हुन्छन् जुन तत्वले अदनको बगैंचामा फताहा कुरा गरेर आदम र हव्वालाई फसाएको थियो। (हेर्नुहोस् अध्याय ११)।

**चिन्तनमनन:**

१. परमप्रभुले क्षमा दिनुभयो भन्दैमा पापको परिणाम हटिनुपर्छ भन्ने आवश्यक नभएको आदम र हव्वाको अनुभवले कसरी बताउँदछ? यो महत्वपूर्ण सत्य हामीले सधैं किन सम्झिरहनुपर्दछ?

२. असल र खराबको रूख सैतानको निम्ति आदम र हव्वालाई आकर्षित गर्ने वा मोहनी लगाउने थलो भएको थियो। हामी आफै पनि ती आकर्षित र मोहित ठाउँहरूबाट प्रलोभनमा नफस्न कसरी जोगिने?

३. परमप्रभुका जनहरूलाई सैतानले एउटा झुटो शिक्षमा फसाउन प्रयास गरिरहेको छः "ख्रीष्टको र बाइबलको शिक्षादीक्षाहरूका निर्देशनहरू पालन गर्न पहिलाको जस्तो कडा छैन। यदि तिनीहरू संसारको रितिथिति, संस्कार र चलनहरूमा समावेश भए संसारका मानिसहरू ठूलो प्रभावित हुन्छन् भनेर तिनीहरूले सिकाउँदछन्।"- एलेन जी. ह्वाइट, *टेस्टिमोनिज टु मिनिस्टर्स एण्ड गस्पल वर्करस्,* "पृ. ४७४बाट रूपान्तरित। यस्तो किसिमको चलाखि धरापमा हामी नपर्न हामीले के गर्नुपर्दछ?

## कथा २
## अपेक्षा नगरिएको टेलिभिजनको कलाकार
## ग्रेम र निक्वी, न्यु जिलान्ड



ग्रेम न्यु जिलाण्डको होप च्यानल टेलिभिजनको लोकप्रिय कलाकार होला भन्ने अपेक्षा गरिएको थिएन।

जब उनी आल्कोहल आनोनिमस वा मादक पदार्थ छुटाउने सहयोगी समूहको भेलामा आइपुगे तब उनको अपरिचित महिलाले उनलाई यो सुनाए, "हिजो राती मैले तपाईंलाई टेलिभिजमा देखें!"

*त्यस समूहका सबै २६ जनाले ग्रेमलाई उत्सुकतापूर्वक हेरे।*

आफ्नो जीवनको कहानी भन्न उनलाई त्यस समूहमा बोलाइएको थियो, तर आफ्नो कहानी कसरी सुरु गर्ने भनेर उनलाई थाहा थिएन। जब त्यस महिलाले उनलाई टेलिभिजनमा देखेको सुनाइन् तर आफू कसरी अघि बढ्नुपर्छ भन्ने आइडिया उनमा आयो। आफू टेलिभिजमा कसरी भाग लिन पुग्यो भनेर उनले समूहलाई पहिले बताए। जब पहिलो पल्ट आफू टेलिभिजनमा देखा परेको थियो तब आफू मद्यपानको लटबाट ख्रीष्टको अनुग्रहले छुट्न लागेको थियो भनेर उनले सुनाए। त्यसबेला सबै २६ जनाले न्यु जिलान्डको प्रत्येक घरमा प्रसारण गरिने होप च्यानल टेलिभिजनको बारेमा जानकारी पाए।

जब उनले आफ्नो कथा सुनाउँछन् तब आफ्नो दश वर्षसम्म मद्यपानको कुलतमा लागेको उनले बताउँछन्। त्यसले उनको वैवाहिक जीवन पनि ध्वस्त भएको थियो। तर उनले येशूको उद्धार गर्ने अनुग्रह पाए र परमेश्वरको सहायताले उनले मद्यपान गर्न छोडे। उनले फेरि विवाह गरे र उनले आफ्नो नयाँ श्रीमतीलाई एडभेन्टिस्ट चर्चमा हुलिन्। त्यस चर्चमा अहिले उनी अगुवा भएर सेवा गर्छिन्।

त्यस मद्यपान छोड्ने समूहमा संघर्ष गरिरहेका मानिसहरूप्रति उनको हृदय छियाछिया हुन्छ।

"रक्सी पिउने चाहना मलाई वर्षौंदेखि नभएतापनि मसँग भएको आशाको सन्देश अरूहरूलाई सुनाउन चाहन्छु। मद्यपानको कुलत छुटाउन म सहायता गर्नु चाहन्छु," उनले सुनाउँछन्।

परमेश्वरको प्रेमबाट मोहित भएर मद्यपान छोड्न चाहनेहरूको ग्रेमले सेवा गर्छन्। "त्यस अल्कोहल आनानिमसमा मेरो इसाई जीवनमा सिकेका कुराहरू लान प्रयास गर्छु र ती मद्यपान छोड्न चाहनेहरूको सकारात्मक जीवन मेरो जीवनमा ल्याउन प्रयास गर्छु। साँच्चिक्कै म आशिषित भएको छु किनभने अब हाम्रो घरेलु चर्च छ जुन् निक्वी र मेरो निम्ति धेरै महत्त्व छ। मद्यपान छोड्न चाहनेहरूको समूहबाट मैले सिकेका विषयहरू त्यस चर्चमा म बाँड्न सक्छु।" उनले सुनाउँछन्।

जब उनले त्यस मद्यपान छोड्न चाहनेहरूको भेलामा आफ्नो कथा सुनाउँछन् तब सहभागीहरूले उनी इसाई भनेर तुरन्तै ठम्याउँछन्। यसले धेरैलाई छक्क पार्दछ किनकि त्यस समूहमा प्रायजसो नास्तिक र परमेश्वरको बारेमा स्पष्ट नभएका मानिसहरू हुन्छन्। त्यहाँ छाडा बोल्ने मानिसहरू पनि हुन्छन्।

"के तपाईं धार्मिक हुनुहुन्छ?" तिनीहरूले उहाँलाई बारम्बार सोध्छन्।

"अहँ," ग्रेमले जवाफ दिन्छन्।

"के तपाईं चर्चमा जानुहुन्छ?"

"जान्छु।"

"तपाईं कुन चर्चमा जानुहुन्छ?"

"म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान्छु।"

प्रायजसो मानिसहरूलाई एडभेन्टिस्ट चर्चको बारेमा थाहा हुँदैन र सातौं दिन साबथको बारेमा थाहा हुँदैन। सातौं दिनको गरिमाको बारेमा ग्रेमले व्याख्या गर्छन् र आफू सातौं दिन इसाई भएको सुनाउँछन्।

"हाम्रा सेवा कार्यक्रम शनिबार हुन्छ र म सातौं दिन इसाई हुँ," उनले सुनाउँछन्।

कहिलेकाहीं ग्रेमको चर्चमा दुई जना डाक्टरहरू आउँछन्। ती डाक्टरहरूले मानिसहरू मद्यपानसँग संघर्ष गरिरहेका मानिसहरूको बारेमा सुनाउँछन्। अनि ती मानिसहरूलाई मद्यपानसँग संघर्ष गरिरहेका मानिसहरूको समूहमा हुल्दछन्।

ग्रेमले आफ्नो कथामात्र सुनाउँदैनन् अरूहरूको कथा पनि सुन्छन्। उनले मानिसहरूलाई आफ्नो डुङ्गामा लान्छन्, तिनीहरूसँग खाना खान्छन् र उनले कुरा गर्छन् र तिनीहरूले सुन्छन्। जब उनी घरमा फर्कन्छन् तब उनले आफ्नी श्रीमतीलाई यो सुनाउन धेरै मन पराउँछन्, "आज परमेश्वरले के गर्नुभयो त्यो तिमीलाई विश्वास गर्न गाऱ्है पर्छ!"

-मेरीएलेन हाक्को।